# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०७।२० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

सशस्त्र प्रहरी बल, बेस क्याम्प सेमरी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानेन्द्र कुमार मौर्यले व्यक्तिगत घरायसी प्रयोजनका लागि चाहिने सामान ओसार-पोसारमा सहजीकरण गरी दिने भनी सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानेन्द्र कुमार मौर्यलाई सेवाग्राहीसँग रू. ७,०००/- (सात हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा प्रतापपुर गाउँपालिका वडा नं. २ स्थित, नौलो किराना पसलबाट उक्त घुस रकम सहित नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा बेस क्याम्प सेमरी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानेन्द्र कुमार मौर्यले सेवाग्राहीलाई भारतबाट सामान्य घरायसी सामान ल्याउने क्रममा घुस माग गरी दुःख हैरानी दिई सामान ल्याउन सहज गरी दिने भनी घुस रकम दिन बाध्य पारी सेवाग्राहीसँग रु. ७,०००।—(सात हजार) घुस/रिसवत लिएको स-प्रमाण पुष्टि भएको हुँदा निजले गरेको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानेन्द्र कुमार मौर्यलाई बिगो रु.७,०००।—(सात हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला